# बूढानीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
गोल्फुटार, काठमाण्डौ, फोन नं.: ०१-४३७२७२५
३ नं. प्रदेश, नेपाल ।




प. सं.: ०७६।०७७

च. नं.: २८६८

मिति: २०७६।१०।२६

<u>विषयः सूचना टाँस गरि दिने सम्बन्धमा ।</u>

श्री बूढानीलकण्ठ नगरपालिका
सबै वडा कार्यालयहरु ।

प्रस्तुत विषयमा यस नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत प्रदेश सरकारबाट हस्तान्तरित "अपाङ्गता भएका व्यक्तिहरुका लागि समूदायमा आधारित पुनर्स्थापना कार्यक्रम **(सी. बी. आर.)**" संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना तहाँको सूचना पाटीमा टाँस गरि दिनु हुन अनुरोध गरिन्छ ।

२०७६।१०।२६

नारायण प्रसाद रिसाल
प्रमुख प्रशासकीय अधिकृत

# बूढानीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
गोल्फुटार, काठमाण्डौ, फोन नं.: ०१-४३७२७२५
३ नं. प्रदेश, नेपाल ।




## प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रकाशन मिति : २०७६।१०।२६ गते

बूढानीलकण्ठ नगरपालिकाको आर्थिक वर्ष २०७६।०७७ को स्वीकृत बार्षिक कार्यक्रम अर्न्तगत प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम (सी.बी.आर.) अपाङ्गता भएका व्यक्तिहरुको क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थासंगको साझेदारीमा संचालन गर्नु पर्ने भएकोले प्रदेश सामाजिक विकास मन्त्रालयबाट स्वीकृत **स्थानीय तहमा विनियोजित सशर्त अनुदान कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।०७७** मा उल्लेख भए बमोजिम कार्यक्रम संचालन गर्नका लागि देहाय बमोजिम सिलबन्दी प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

- संघ संस्था दर्ता ऐन बमोजिम दर्ता भई अपाङ्गता भएका व्यक्तिहरुको क्षेत्रमा काम गरि रहेका संस्थाहरुले मिति २०७६।११।११ गतेका दिन दिउंसो १.०० बजे भित्र यस नगरपालिकाको महिला तथा बालबालिका शाखामा तोकिएको ढांचामा सिलबन्दी प्रस्ताव पेश गर्न सकिनेछ । प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिनको १.०० बजे भित्र प्रस्ताव पेश गर्न सकिने छ । सोही दिन २.०० बजे प्राप्त प्रस्तावहरु खोलिने छ ।
- संस्था यस स्थानीय तहको हुनु पर्नेछ । स्थानीय संस्था उपलब्ध नभएमा काठमाण्डौ जिल्ला भित्रकै संस्था मध्येबाट छनौट गरि कार्यक्रम संचालन गर्न सकिने छ ।
- संस्था छनौट तथा कार्यक्रम संचालन **स्थानीय तहमा विनियोजित सशर्त अनुदान कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।०७७** बमोजिम हुनेछ ।
- विस्तृत जानकारीको लागि नगरपालिकाको **महिला तथा बालबालिका शाखामा** सम्पर्क राख्नु हुन समेत अनुरोध छ ।

२०७६।१०।२६

नारायण प्रसाद रिसाल
प्रमुख प्रशासकीय अधिकृत

# बूढानीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
गोल्फुटार, काठमाण्डौं, फोन नं.: ०१-४३७२७२५
३ नं. प्रदेश, नेपाल ।



## दरखास्त साथ अनिवार्य रुपमा पेश गर्नु पर्ने कागजात

- कार्यक्रम संचालनका लागि विनियोजित बजेट रु.३,००,०००।- (तीन लाख ) र प्रस्तावित कार्यक्रम संचालन गर्ने संस्थाको तर्फबाट व्यहोर्ने स्रोत समेतको आधारमा तयार गरिएको प्रस्ताव ।
- पेश गरेको प्रस्ताव संस्थाको संचालक समितिबाट स्वीकृत गरिएको निर्णयको प्रतिलिपि ।
- संस्थाको विधान, संस्थाको प्रशासनिक र आर्थिक नियमावलीको छायाकपी ।
- संस्था दर्ता र नविकरण प्रमाणपत्र, समाज कल्याण परिषदको आबद्धता प्रमाणपत्र, स्थायी लेखा नं दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाणको छायाकपी
- गत वर्षको बार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन ।
- संस्थाको भौतिक अवस्था र जनशक्ति (तलबी )को अवस्था दर्साउने कागजात
- अपाङ्गताको क्षेत्रमा काम गरेको अनुभव सम्बन्धि कागजात ।
- विगतमा नगरपालिकाबाट लिएको अनुदान बेरुजु नरहेको स्वघोषणा पत्र ।

२०७६/१०/२६

नारायण प्रसाद रिसाल
प्रमुख प्रशासकीय अधिकृत